२०८१

# सेवा प्रवेश तालिम पाठ्यक्रम

## आधारभूत तह


नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

## विषयसूची


| क्र. स. | विषयवस्तु | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | परिचय | १ |
| २. | सक्षमता | १ |
| ३. | तालिमको संरचना | २ |
| ४. | विषयवस्तु | ३ |
| ५. | विद्यालयमा आधारित परियोजना कार्यहरू | |
| ६. | तालिम कार्यान्वयन कार्यविधि | ८ |
| ७. | मूल्याङ्कन | ९ |

## १. परिचय

शिक्षण पेसामा नवप्रवेश गरेका शिक्षकहरूका लागि शिक्षण पेसासँग सम्बन्धित विविध विषयमा परिचित गराउन सेवा प्रवेश तालिम महत्त्वपूर्ण उपाय हो । यसले विद्‌यालयभित्रको कार्य वातावरण र व्यवस्थाअनुकूल कार्य सम्पादन गर्न सहयोग गर्छ । सेवासँग सम्बन्धित विविध पक्षहरू तथा सेवा सुविधालगायत कार्यवातावरण प्रति नवप्रवेशी शिक्षकलाई प्रशिक्षित गर्न सेवा प्रवेश तालिम आवश्यक हुन्छ । यो तालिम नवप्रवेशी शिक्षकहरूलाई पेसागत जिम्मेवारी, दायित्व र भूमिकाप्रति सचेत गराई शिक्षण पेसाप्रति नवीन र सकारात्मक सोच विकास गर्न उपयोगी हुने छ । यस तालिमबाट विभिन्न सिकाइ आवश्यकता भएका बालबालिकाको सिकाइमा सहजीकरण गर्ने सिप विकास हुने अपेक्षा गरिएको छ । यसै कुरालाई मध्यनजर गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रले नवप्रवेशी शिक्षकहरूका लागि सेवा प्रवेश तालिमको व्यवस्था गरेको छ । नवप्रवेशी शिक्षकहरूलाई कार्यस्थल जानु अगि नै आफनो कार्यस्थलमा निर्वाह गर्नुपर्ने भूमिका स्पष्ट पार्न यो तालिम पाठयक्रमको विकास गरिएको हो । यस पाठयक्रममा विद्‌यमान विद्‌यालय शिक्षासम्बन्धी नीतिगत तथा कानुनी व्यवस्थाको सङ्क्षिप्त पुनरवलोकन, शिक्षण पेसासँग सम्बन्धित समसामयिक विषयवस्तुहरू, विद्‌यालय तहका पाठ्‌यक्रम, पाठ्‌यपुस्तक र शिक्षक निर्देशिकाको प्रयोग, शैक्षणिक योजना, विधि तथा अभ्यास, उत्प्रेरणा, मनोबल र नेतृत्व विकास, सिकाइमा समावेशीकरण, तनाव तथा विविधता व्यवस्थापन, विद्‌यार्थी मूल्याङ्कन, शिक्षक पेसागत विकासका विधि र विद्‌यार्थी मनोसामाजिक परामर्श जस्ता विषयवस्तु समावेश गरिएको छ ।

### १. सक्षमता

शिक्षक सेवा आयोगबाट छनोट भई सिफारिस भएका शिक्षकहरूलाई आफनो कार्यस्थल जानुपुर्व नै सो सम्बन्धमा सुसूचित गरी कार्यवातावरणअनुकूल आफनो भूमिका प्रभावकारी रूपमा निर्वाह गर्न सक्षम बनाउनु यस तालिमको मुख्य उद्‌देश्य हो । यस तालिमपश्चात् सहभागी नवप्रवेशी शिक्षकहरूमा निम्नलिखित सक्षमताहरू विकास हुने अपेक्षा गरिएको छः

(क) विद्‌यालय शिक्षासम्बन्धी नीतिगत तथा कानुनी व्यवस्थाको बोध र परिपालना

(ख) पेसाप्रतिको गौरव, इमानदारी तथा वृतिविकास र प्रशासनिक क्रियाकलापमा दक्षता

(ग) आधारभूत तहको पाठ्‌यक्रम, पाठ्‌यपुस्तक र शिक्षक निर्देशिकाको प्रभावकारी प्रयोग

(घ) शैक्षणिक योजना निर्माण तथा सिकाइमा नवीनतम विधि र सूचना प्रविधिको उपयोग

(ङ) सिकाइमा उत्प्रेरणा जागरणा, मनोबल वृद्‌धि र सकारात्मक अनुशासनको प्रयोग

(च) शिक्षण सिकाइमा अन्तरसम्बन्धित विषयको संयोजन

(छ) विद्यार्थी मूल्याङ्कनका निर्दिष्ट प्रक्रिया अवलम्बन

(ज) पेसागत विकासका विभिन्न उपायहरूको पहिचान र अवलम्बन

(झ) सिकारुमैत्री र सुरक्षित वातावरण निर्माण र शिक्षण सिकाइ सञ्चालन

(ञ) विद्यालयमा सुशासन कायम र सकारात्मक व्यवहार प्रदर्शन

**२. तालिम संरचना**

- यो तालिम एक महिना (३० कार्यदिन) को हुने छ ।
- एक महिने सेवा प्रवेश तालिम १५ दिन तालिम केन्द्रमा आधारित र बाँकी १५ दिन बराबरको अवधि विद्यालयमा आधारित हुने छ ।
- विद्यालयमा आधारित १५ दिन बराबरको तालिमका लागि सहभागीहरूले पाँचओटा परियोना कार्यहरू गर्नुपर्ने छ ।
- उक्त पाँचओटा परियोजना कार्य तालिम केन्द्रमा आधारित तालिम सकिएको ६० दिनभित्रमा सम्पन्न गरि सम्बन्धित शिक्षा तालिम केन्द्रमा बुझाउनु पर्ने छ ।
- सेवा प्रवेश तालिम प्रदेश शिक्षा तालिम केन्द्रबाट प्रदान गरिने छ । तालिमको अभिलेख व्यवस्थापन र प्रमाणीकरण गर्ने काम शिक्षा तालिम केन्द्रबाट हुने छ ।
- तालिम केन्द्रमा आधारित तालिम आमनेसामने वा भर्चुअल विधिबाट हुने छ ।

**३. तालिमका विषयवस्तु**

यस तालिमका लागि तोकिएका मुख्य विषयवस्तुहरू देहायबमोजिम रहेका छन्

| क्र. स. | विषय क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सेसन सङ्ख्या |
|---|---|---|---|
| १. | विद्यालय शिक्षासम्बन्धी नीतिगत तथा कानुनी व्यवस्थाको सङ्क्षिप्त पुनरवलोकन | • नेपालको संविधान (शिक्षासम्बन्धी व्यवस्था)<br>• शिक्षा ऐन, २०२८ र नियमावली, २०७७ (विद्यालय व्यवस्थापन समिति, शिक्षक आचारसंहिता, सेवा सर्त र सुविधा)<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (शिक्षासम्बन्धी)<br>• शिक्षक सेवा आयोग नियमावली (कासमू, फाराम | ५ |

| | | | |
|---|---|---|---|
| | | बढुवासम्बन्धी व्यवस्था)<br>• अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी ऐन, २०७५ र नियमावली, २०७७ का मुख्य प्रावधान<br>• राष्ट्रिय शिक्षा नीति, २०७६ (आधारभूत शिक्षा र शिक्षामा गुणस्तर)<br>• बालबालिकासम्बन्धी ऐन, २०७५ का शिक्षासम्बन्धी प्रावधानहरू<br>• अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐनको शिक्षासम्बन्धी प्रावधानहरू<br>• चालु आवधिक योजना (शिक्षासम्बन्धी व्यवस्था)<br>• पेसागत वत्ति विकास तथा प्रशासनिक क्रियाकलाप: शिक्षकको सिट्रोल फाराम, सम्पति विवरण, कार्य सम्पादन मूल्याङ्न फराम, दर्ता, चलानी, इमिस, सार्वजनिक खरिद, सुशासन, सूचनको सम्प्रेषण, अभिलेख व्यवस्थापन, विद्यालय सूधार योजना निर्माण, माइन्युट व्यवस्थापन | |
| २. | शिक्षण पेसासँग सम्बन्धित विषयवस्तुहरू | • शिक्षण पेसाप्रतिको गौरव<br>• शिक्षकका लागि उत्प्रेरणा<br>• विद्यार्थी, शिक्षक र अभिभावक र समुदायबिचको अन्तरसम्बन्ध<br>• सामाजिकीकरण (स्थानीय विविधता, भाषा, संस्कृति, मूल्य मान्यताको जानकारी)<br>• शिक्षक तथा विद्यार्थीको पठन संस्कृतिको विकास<br>• सिकाइ संस्कृति निर्माणमा शिक्षकको भूमिका<br>• शिक्षकका गुणहरू: बौद्धिकता, नैतिकता, तार्किकता, विद्यार्थीसँगको व्यवहार, नयाँ परिवेशमा समायोजन, सञ्चार सिप, असल र खराब स्पर्शको पहिचान, जिम्मेवारी बोध, सामूहिक/टोली कार्यको भावना, नेतृत्व र समय पालना, प्रस्तुतीकरण सिप र व्यक्तित्व विकास | ३ |
| ३. | आधारभूत तहको पाठ्यक्रम, पाठ्यपुस्तक | • राष्ट्रिय पाठ्यक्रम प्रारुप<br>• आधारभूत तहको पाठ्यक्रम, विद्यार्थी | ३ |

| | | | |
|---|---|---|---|
| | र शिक्षक निर्देशिका | कार्यपुस्तक, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकाका मूलभूत विशेषता र प्रयोग<br>• स्थानीय पाठ्यक्रम<br>• स्रोत तथा सन्दर्भ सामग्रीको खोज तथा प्रयोग | |
| ४. | शैक्षणिक योजना निर्माण र प्रयोग | • विद्यालय कार्यपात्रो<br>• वार्षिक शैक्षणिक योजना<br>• थिम/एकाइ योजना<br>• दैनिक तथा साप्ताहिक कार्यतालिका<br>• दैनिक पाठ योजना<br>• शिक्षण सूधार योजना<br>• अतिरिक्त क्रियाकलापको योजना | २ |
| ५. | शिक्षण सिकाइमा नवप्रवर्तन | • साथीबाट सिक्ने साथीलाई सिकाउने विधि (Peer Mentoring)<br>• सिकाइ केन्द्रित विधिहरू: (Critical, Creative, Reflective and Transformative Learning) Gamification, Art Based learning, Project-based and Problem-based and inquiry-based learning<br>• शिक्षण सिकाइमा प्रयोग हुने व्यवहार कुसल सिपहरू<br>• सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ (LMS, AI, Google Classroom, Learning Apps)<br>• शिक्षण सिकाइमा प्रयोग हुने सूचना प्रविधिका साधनहरूको खोजी सङ्कलन तथा प्रयोग | ६ |
| ६. | शिक्षण सिकाइमा उत्प्रेरणा | • शिक्षक तथा विद्यार्थीका लागि उत्प्रेरणा र उच्च मनोबल<br>• सिकाइका लागि उत्प्रेरणा जगाउने तरिकाहरू बालव्यवहार र बालसुलभ व्यवहार<br>• सकारात्मक अनुशासन र यसका तरिकाहरू<br>• सिकाइमा असल अभ्यासको अनुकरण | २ |
| ७. | शिक्षण सिकाइमा अन्तरसम्बन्धित विषय | • सन्दर्भमा आधारित शिक्षण सिकाइ (Context-based Learning)<br>• विद्यार्थी सिकाइका बहुविधिहरू | ३ |

| | | | |
|---|---|---|---|
| | | • प्रस्तुतीकरणका बहुविधिहरू<br>• कार्य तथा अभिव्यक्तिका बहुविधिहरू<br>• सस्कृति संवेदनशील शिक्षण सिकाइ, सांस्कृतिक सक्षमता (Culture Sensitive Pedagogy)<br>• सिकाइमा बहुबौद्धिकताको प्रयोग (आवश्यकतामा आधारित शिक्षण सिकाइ)<br>• सिकाइमा समता र समावेशिता | |
| ८. | विद्यार्थी मूल्याङ्कन | • सिकाइका लागि मूल्याङ्कन, सिकाइका रूपमा मूल्याङ्कन र सिकाइको मूल्याङ्कन<br>• आन्तरिक मूल्याङ्कनका विधि र साधन<br>• बाह्य मूल्याङ्कनका विधि र साधन<br>• विद्यार्थी मूल्याङ्कनसम्बन्धी मापदण्ड र निर्देशिका<br>• प्रश्नपत्र निर्माण, उत्तरकुन्जिका तथा रुब्रिक्सको निर्माण तथा प्रयोग<br>• परीक्षा सञ्चालन<br>• उत्तरपुस्तिका परीक्षण<br>• अक्षराङ्कन पद्धति<br>• लब्धाक्षर निर्माण<br>• अभिलेख व्यवस्थनपन (कार्यसञ्चिका निर्माण)<br>• नतिजा प्रकाशन तथा विश्लेषण तथा सिकाइमा उपयोग | ६ |
| ९. | शिक्षकको पेसागत विकास | • सेवा प्रवेश तालिम<br>• शिक्षक मेन्टरिङ<br>• एक महिने प्रमाणीकरण तालिम<br>• कस्टमाइज्ड तालिम<br>• पाठ अध्ययन<br>• स्वनिर्देशित सिकाइ<br>• कार्यमूलक अनुसन्धान<br>• सिकाइ सञ्जाल<br>• सहपाठी कक्षा अवलोकन<br>• स्वमूल्याङ्कन<br>• पेसागत सम्मेलन गोष्ठी तथा कार्यशाला<br>• अनुचिन्तन (Self-reflection) | ३ |

| | | | |
|---|---|---|---|
| १०. | विद्यालयमा बालमैत्री व्यवस्थापन | • बालमैत्री सिकाइको अवधारणा र प्रयोग<br>• स्वस्थकर दिवाखाजा व्यवस्थापन<br>• बालमैत्री कक्षा व्यवस्थापनका रणनीतिहरू<br>• भावनात्मक बुद्दिमता र बहुबौद्दिकता (Emotional and multiple Intelligence)<br>• Job Chart निर्माण र प्रयोग<br>• गुनासो व्यवस्थापन | ३ |
| ११. | आपतकालीन अवस्थामा शिक्षा | • मानवीय र प्राकृतिक प्रकोपहरू<br>• आपतकालीन अवस्थामा विद्यालय सञ्चालन<br>• आपतकालीन अवस्थामा सिकाइ सहजीकरणका तरिका<br>• आपतकालीन अवस्थामा शिक्षकको भूमिका | १ |
| १२. | विद्यार्थी मनोसामाजिक परामर्श तथा तनाव व्यवस्थापन | • विद्यार्थी मनोसामाजिक परामर्शको आवश्यकता<br>• विद्यार्थी मनोसामाजिक परामर्शका तरिका तथा विधिहरू<br>• कक्षाकोठामा हुने Bullying (असमान्य व्यवहार)<br>• तनावले सिर्जना गर्ने समस्याहरू<br>• तनाव व्यवस्थापनका तरिका<br>• योग तथा ध्यानको अभ्यास र प्रयोग | ३ |
| १३. | विद्यालय सुशासन | • विद्यालय सुशासनमा शिक्षकको भूमिका (शिक्षक, प्रशासक र अन्य)<br>• शिक्षक तथा विद्यार्थी आचारसंहिता<br>• विद्यालय शान्ति क्षेत्र<br>• विद्यालयमा नागरिक बडापत्र<br>• सूचना अधिकारीका रूपमा शिक्षक<br>• विद्यालय सुशासनका लागि सरोकारवालाको भूमिका: जवाफदेही, पेसागत सदाचार र नैतिकता<br>• शिक्षकको नैतिक, पेसागत र सामाजिक आचरण | ३ |
| १४. | कार्ययोजना र प्रतिबद्दता | • विद्यालयमा आधरित परियोजना अभिमुखीकरण<br>• परियोजनाको कार्ययोजना निर्माण र प्रस्तुति<br>• समापन | २ |

**विद्यालयमा आधारित परियोजना कार्यहरू**

दोस्रो खण्डका लागि विद्यालयमा आधारित परियोजना कार्यहरू निर्धारण गरिएका छन् । प्रत्येक परियोजनाको परिणाम (Output) का रूपमा प्रत्येक प्रशिक्षार्थीले प्रतिवेदन स्वरूपको अलग अलग प्रतिवेदन दस्तावेज शिक्षा तालिम केन्द्रसमक्ष अनिवार्य रूपमा पेस गर्नुपर्ने छ:

**परियोजना कार्य १ : पाठयोजनासहित शिक्षण र अनुभवी शिक्षकबाट पृष्ठपोषण**

- तपाईँले शिक्षण गर्ने कुनै कक्षाको एउटा एकाइको शिक्षण योजना तयार गर्नुहोस ।
- उक्त एकाइका विषयवस्तु शिक्षणका लागि दैनिक पाठयोजना निर्माण गर्नुहोस ।
- प्रधानाध्यापक तथा अनुभवी शिक्षकसँग छलफल गरी दैनिक पाठयोजना सुधार गर्नुहोस् ।
- सुधारिएको दैनिक पाठयोजनाका आधारमा पाठ शिक्षण गर्नुहोस् ।
- प्रधानाध्यापक तथा अनुभवी शिक्षकलाई कक्षा अवलोकन गर्न अनुरोध गर्नुहोस् ।
- अनुभवी शिक्षकबाट पृष्ठपोषण प्राप्त गर्नुहोस् ।
- प्राप्त पृष्ठपोषणलाई समेत आधार बनाउँदै सो एकाइका बाँकी पाठ शिक्षणका लागि निरन्तर दैनिक पाठयोजना निर्माण तथा शिक्षण गर्नुहोस् ।
- उक्त एकाइको शिक्षणपश्चात् विद्यार्थीको सिकाइको अवस्था तथा आफ्नो सिकाइ सहजीकरण अनुभव समेटी प्रतिवेदन तयार गर्नुहोस् ।

**परियोजना कार्य २ : अनुभवी शिक्षकको कक्षा अवलोकन**

- विद्यालयका अनुभवी शिक्षकको कम्तीमा पाँचओटा फरकफरक कक्षा अवलोकन गर्नुहोस् ।
- उक्त शिक्षकको कक्षा व्यवस्थापन, सिकाइ सहजीकरण प्रक्रिया तथा विद्यार्थी मूल्याङ्कन र सिकाइमा प्रयोगको सम्बन्धमा नोट टिपोट गर्नुहोस् ।
- सम्बन्धित शिक्षकसँग अवलम्बन गरिएको कक्षा व्यवस्थापन रणनीति, सिकाइ सहजीकरण प्रक्रिया तथा विद्यार्थी मूल्याङ्कन प्रक्रियाका सम्बन्धमा छलफल गर्नुहोस् ।
- आफ्नो सिकाइ अनुभव समेटी प्रतिवेदन तयार गर्नुहोस् ।

**परियोजना कार्य ३ : पाठ्यक्रम विश्लेषण**

- सम्बन्धित तह र विषयको पाठ्यक्रमलाई दिइएका आधारमा विश्लेषण गर्नुहोस् ।
  - सक्षमता तथा सिकाइ उपलब्धि

- विषयवस्तुको क्षेत्र, क्रम, सङ्गठन र प्रस्तुति
- सिकाइ सहजीकरण प्रक्रियाको अवस्था
- सिकाइ सामग्रीहरूको अवस्था
- विद्यार्थी मूल्याङ्कनसम्बन्धी व्यवस्था

- उक्त पाठ्यक्रम सुधारका लागि सुझावसहित प्रतिवेदन तयार गर्नुहोस् ।

**परियोजना कार्य ४ : शिक्षणमा चिन्तनशील अभ्यास**

- शिक्षकले कक्षामा जानु पूर्व के पढाउने ? कसरी पढाउने ? कुन सामग्री प्रयोग गर्ने ? विद्यार्थी मूल्याङ्कन कसरी गर्ने ? भन्ने सम्बन्धमा तयारी गर्नुहोस् ।
- कक्षामा क्रियाकलाप सञ्चालन गर्नुहोस् ।
- कक्षा शिक्षणपश्चात् शिक्षण क्रियाकलाप के कस्तो रह्यो ? के गर्दा अझ प्रभावकारी हुन्थ्यो ? आगामी कक्षामा के सुधार गर्न सकिन्छ ? जस्ता कुराको चिन्तनशील अभ्यास गर्नुहोस् ।
- माथिका बुँदा समावेश गरी प्रतिवेदन तयार गर्नुहोस् ।

**परियोजना कार्य ५ : शैक्षणिक सामाग्री निर्माण र प्रयोग**

- तपाइँ अध्यापन गर्ने विषयसँग सम्बन्धित नमुना सामग्री निर्माण गर्नुहोस् ।
- निर्माण गरेको सामग्री प्रयोग गरी शिक्षण सिकाइ क्रियालाप सञ्चालन गर्नुहोस् ।
- उक्त सामाग्रीको प्रभावकारिता सम्बन्धमा अनुचिन्तन गर्नुहोस् ।
- सामग्रीको निर्माण प्रक्रिया, प्रयोगको विधि, सिकाइ उपलब्धि र उपयोगिता समावेश गरी प्रतिवेदन तयार गर्नुहोस् ।

**५. तालिम कार्यान्वयन कार्यविधि**

**(क) तालिमको अवधि**

यो तालिमको अवधि एक महिनाको हुने छ । एक महिने सेवा प्रवेश तालिम १५ दिन तालिम केन्द्रमा आधारित र बाँकी १५ दिन बराबरको अवधि विद्यालयमा आधारित हुने छ । विद्यालयमा आधारित १५ दिन बराबरको तालिमका लागि सहभागीहरूले पाँचओटा परियोजना कार्य गर्नुपर्ने छ । शिक्षा तालिम केन्द्रमार्फत तालिम सञ्चालन हुने तालिममा प्रति दिन तीन सत्रका दरले १५ दिनको अवधिमा ४५ ओटा सत्र सञ्चालन हुने छन् । प्रति सत्र एक घण्टा तिस मिनेटको हुने छ ।

**(ख) तालिमको लक्षित समूह**

यस तालिमको लक्षित समूह शिक्षक सेवा आयोगबाट छनोट भई सिफारिस भई आएका आधारभूत तहका नवप्रवेशी शिक्षकहरू हुने छन् ।

**(ग) तालिम पाठयक्रम कार्यान्वयन प्रक्रिया**

- नवप्रवेशी शिक्षकहरूका लागि सेवा प्रवेश तालिम कार्यक्रम शैक्षिक जनशक्ति विकास केन्द्रबाट स्वीकृत पाठयक्रमका आधारमा हुने छ ।
- शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट विकास भएको पाठ्यक्रमको २० प्रतिशतसम्म विषयवस्तु शिक्षा तालिम केन्द्रले स्थानीय परिवेश एवम सहभागीका आवश्यकताका आधारमा परिमार्जन तथा समायोजन गर्न सक्ने छ ।

**(घ) तालिम सहजीकरण**

- शिक्षा तालिम केन्द्रका प्रशिक्षक वा रोस्टर प्रशिक्षकबाट तालिम सेसन सहजीकरण गरिने छ । रोस्टर प्रशिक्षक छनोट गर्दा शिक्षकको पेसागत विकास प्रारूप, २०८०  ले तोकेका आधार पूरा गरेको व्यक्ति हुनुपर्ने छ ।
- तालिमका सेसन सहजीकरण गर्दा सकेसम्म सूचना तथा सञ्चाार प्रविधिलाई अधिकतम उपयोग गर्नुपर्ने छ ।
- तालिमका लागि आवश्यक पाठयक्रम, पाठयपुस्तक, शिक्षक निर्देशिका तथा अन्य सामग्रीहरु तालिम सञ्चालन अगावै व्यवस्था गर्नुपर्ने छ ।
- सिकाइ सहजीकरणका विधि तथा सूचना प्रविधिलाई पाठयक्रमका विषयगत विषयवस्तुसँग आबद्ध गरेर मात्र प्रयोग गर्नुपर्ने छ ।
- तालिम सञ्चालन गर्दा सामान्यतया सहभागी शिक्षकका माग र आवश्यकतालाई ध्यान दिँदै आवश्यकताअनुसार देहायबमोजिमका विधि वा बहुविधि उपयोग गर्न सकिने छः
    - प्रदर्शन तथा नमुना अभ्यास शिक्षण
    - अन्तरक्रिया, छलफल
    - हाजिरीजवाफ, समूह कार्य
    - परियोजना कार्य
    - अध्ययन तथा अवलोकन
    - मामला अध्ययन
    - मस्तिष्क मन्थन
    - असल शिक्षकका प्रेरणादायी कथा प्रस्तुति

- Jigsaw and Gallery Walk
- Think Pair (Group) and Share Survey
- Panel Discussion
- Focus Group Discussion
- डकुमेन्ट अध्ययन
- अनुभव आदान प्रदान
- समस्या समाधान र स्वअध्ययन
- ह्यान्ड आउट अध्ययन
- अनुचिन्तन तथा प्रतिबिम्बन
- सामग्री निर्माण कार्यशाला
- प्रयोगात्मक अभ्यास
- नृत्य तथा गायन
- पावरपोइन्ट प्रस्तुति
- खेल तथा प्रर्दशन विधि

## ६. तालिम मूल्याङ्कन

यस तालिममा सहभागी शिक्षकहरूको मूल्याङ्कन निरन्तर रूपमा उनीहरूले तालिमका क्रममा निर्वाह गरेको भूमिका, सान्दर्भिक जागरुकता र तालिममा सहभागिता र दैनिक उपस्थितिका आधारमा गरिने छ । तालिमका क्रममा हुने छलफल, समूह कार्य र प्रस्तुतिका साथै प्रिटेस्ट तथा पोस्टटेस्ट पनि मूल्याङ्कनका आधार हुने छन् । त्यसैगरी तालिम केन्द्रमा आधारित तालिमपश्चात् विद्यालयमा आधारित परियोजना कार्यको सम्पादनका आधारमा समेत सहभागीहरूको मूल्याङ्कन गरिने छ ।

ΩΩΩ